नेपाल सरकार

# राष्ट्रिय सहकारी नियमन प्राधिकरण

**National Cooperatives Regulatory Authority (NCRA)**

(स्थापना-२०८१)

पुल्चोक, ललितपुर

सहकारी ऐन, २०७४ को दफा १०३ज. ले दिएको अधिकार प्रयोग गरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा जारी गरिएको नियामकीय (दोस्रो संशोधन) मापदण्ड-२०८२ बमोजिम देहायको निर्देशन जारी गरिएको छ।

क. **सहकारी संस्थाले "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धमा जारी गरिएको नियामकीय (पहिलो संशोधन) मापदण्ड-२०८२" को बुँदा नं ३.१ बमोजिम देहाय बमोजिमको विवरण नियमित अध्यावधिक गर्नु पर्नेछ :-**

(१) सम्वन्धित व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिमको मापदण्ड पालनाको स्वघोषणा,

(२) सम्वन्धित व्यक्तिको नाम, थर, ठेगाना, पारिवारिक विवरण, वास्तविक धनी तथा हिताधिकारीको विवरण,

(३) नेपाल वा विदेशमा कुनै कसूरमा संलग्न भए वा नभएको घोषणा र भएको भए सोको विस्तृत विवरण र वर्तमान अवस्था,

(४) कुनै प्रकारको मुद्दा मामिला, अनुसन्धान, वैकल्पिक विवाद समाधानको प्रक्रिया वा न्यायिक वा प्रशासनिक कारवाहीको प्रक्रियामा रहेको लिखित रूपमा जानकारी भएको भए सोको विवरण,

(५) अदालत वा अधिकारप्राप्त अधिकारीको फैसला वा आदेश बमोजिम तिर्नु, बुझाउनु पर्ने राजस्व, सरकारी बाँकी बक्यौता रहे वा नरहेको विवरण,

(६) नेपाल वा विदेशमा कर्जा सम्बन्धी कालोसूचीमा परे वा नपरेको विवरण,

(७) स्वार्थको द्वन्द्व हुन सक्ने अवस्था विद्यमान रहे वा नरहेको विवरण,

(८) सम्बन्धित व्यक्ति नेपाली नागरिक भए निजको नेपाल बाहिर कुनै सम्पत्ति रहे वा नरहेको वा कुनै सम्पत्तिमा वास्तविक धनी वा हिताधिकारी भए वा नभएको घोषणा,

(९) विगतमा संलग्न भएको कार्य, संस्था, प्राप्त भएको जिम्मेवारी, पुरस्कार, सजायको अवस्था, कार्य सफलताको उदाहरण लगायतका विषय खुल्ने सम्बन्धित क्षेत्रको कार्य अनुभव सम्बन्धी विवरण,

(१०) वित्तीय आचरण (फाइनान्सियल साउन्डनेस) सम्बन्धी विवरण।

ख. **सहकारी संस्थाले "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धमा जारी गरिएको नियामकीय (दोस्रो संशोधन) मापदण्ड-२०८२" को बुँदा नं ३.२ बमोजिम देहायको विवरण प्राधिकरणमा दिनुपर्नेछ:-**

(१) दर्ता अनुमति वा इजाजतपत्रको निवेदन दिँदा, चुक्ता पुँजीको पाँच प्रतिशत वा पचास लाख रुपैयाँभन्दा बढीको शेयर वा पुँजी लगानी वा खरिद गर्दा,

(२) सूचक संस्थाको सञ्चालक वा उच्च व्यवस्थापकीय पद वा तहमा नियुक्ति वा मनोनयन गर्दा,

(३) पाँच प्रतिशत वा पच्चिस लाख रुपैयाँभन्दा बढीको शेयर वा पुँजीमा वास्तविक धनी वा हिताधिकारी रहँदा।

जारी मितिः २०८३/०३/०८

(मदन भुजेल)